# सूचना। सूचना।। सूचना।।।

यही मिति २०७७ माघ १५ देखि २१ गतेसम्म निर्वाचन आयोगले देशभरका सबै स्थानीय तहका केन्द्रमा मतदाता नामावली अद्यावधिक (दावी बिरोध समेत) कार्यक्रम सञ्चालन गर्दैछ ।उक्त कार्यक्रम अनुसार २०७७ माघ १५ गते नगरपालिका वा गाउँपालिकाको केन्द्रमा मतदाता नामावली प्रकाशन हुन्छ । २०७७ माघ १६ गतेदेखि १८ गतेसम्म मतदाता नामावलीमा रहेको नाम वा विवरणमा रहेको त्रुटि सच्याउन, दोहोरो नाम हटाउन निवेदन दिन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउनको लागि सूचना दिन सकिन्छ । कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा २०७७ माघ १६ र १७ मा उजुरी दिन सकिन्छ ।

तसर्थ, उपरोक्त अनुसारको निर्धारित मितिमा सम्बन्धित स्थानीय तहको केन्द्रमा गई मतदाता नामावलीमा रहेको आफ्नो नाम वा विवरणमा कुनै त्रुटिभए त्रुटि सच्याउन एवम् आफ्नो नाम दोहोरो परेको भए हटाउन निवेदन दिनुहुन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिन र कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिनुहुन सम्बन्धित सबैलाई हार्दिक अनुरोध गरिन्छ।

निर्वाचन आयोग नेपाल

जिल्ला निर्वाचन कार्यालय, सोलुखुम्बु